परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : १२२ पृष्ठ ४ २०८२ फागुन ०९ गते, शनिबार 21 February, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




# जलेश्वरमा परिक्रमावासीको भव्य स्वागत



टक नेपाल

मिथिलाको बहुचर्चित माध्यमिक परिक्रमाको धार्मिक लस्कर शुक्रबार विहान जलेश्वर आइपुग्दा स्थानीयहरूले भव्य स्वागत गरेका छन्।

शुक्रबार रात्रि विश्रामका लागि जलेश्वर आएका साधु सन्त, महन्थ र गृहस्थसहितका परिक्रमावासीलाई परशुराम साह नेतृत्वको मिथिला परिक्रमा धर्मसंस्थाको अगुवाईमा वैण्डबाजा र सहनाई बाजासहित स्वागत गरिएको हो। स्थानीय युवाहरूले जलेश्वरको भार्गवसर कुट्टी अगाडि पुगेर फूलमाला र बाजागाजासहित स्वागत गरे।

धर्मसंस्थाको नेतृत्वमा प्रत्येक वर्ष झैँ यस वर्ष पनि मटिहानी-जलेश्वर सडकअन्तर्गत पर्ने भार्गवसर कुट्टीमा जलेश्वर नगरपालिकाका नगरप्रमुख सुरेश साह सोनार, प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादव, प्रशासनिक निकायका प्रमुख, स्थानीय युवा, महिला तथा नागरिक समाजका प्रतिनिधिहरू सहभागी भएर परिक्रमावासीलाई स्वागत गरेका थिए।

परिक्रमावासीको सहजताका लागि आवास, भोजन र आकस्मिक उपचारको व्यवस्थासमेत संस्थागत र निजी रूपमा गरिएको छ। मेला भर तीन सयभन्दा बढी स्वयंसेवक परिचालन गरिएको छ।

जलेश्वरमा मेलामा घुम्न आएका साधु सन्त र नाङ्गाबाबाहरूको क्रियाकलाप हेर्न ठूलो भिड देखिएको छ। मेलामा सहभागी जनताहरू जलेश्वर वरिपरिका गाउँ तथा भारतको विहार राज्यका सितामढी, सुरसण्ड, मधवापुर लगायतका ठाउँबाट पनि आएका थिए।

मटिहानीबाट जलेश्वर आउने क्रममा जलेश्वर नगरपालिका-४ सुगा गाउँमा पनि स्थानीय र संघसंस्थाले परिक्रमावासीलाई स्वागत गरेका थिए।

धर्मयात्रा धनुषाको कचुरीमठबाट मिथिला विहारी र अग्निकुण्डबाट किशोरी जीको डोलासहित जानकी मन्दिर हुँदै प्रारम्भ भई हनुमानगढी, कल्याणेश्वर, फुलहर हुँदै मटिहानी पुगेर रात्रि वास पछि जलेश्वर आइपुगेको हो। जलेश्वरको विश्रामपछि शनिबार परिक्रमाको लस्कर महोत्तरीको मडै पुग्नेछ। त्यसपछि ध्रुवकुण्ड, कन्चनवन, धनुषाको पर्वता, धनुषाधाम, औरही, विशौल हुँदै पुनः कल्याणेश्वर र फागुन पूर्णिमाको दिन जनकपुर फर्केर अन्तगृह परिक्रमा सम्पन्न हुनेछ।

१८औँ शताब्दीदेखि सञ्चालन भइरहेको माध्यमिक परिक्रमामा नेपालका १०७ किलोमिटर र भारतका २६ किलोमिटर गरी कुल १३३ किलोमिटर पैदल यात्रा तय गर्ने परम्परा रहेको छ। भारतको आयोध्या, मथुरा, हरिद्वार, दरभंगा, सितामढी, बैजनाथधामका साधुहरू समेत विशेष रूपमा सहभागी छन्।

फागुनशुक्ल प्रतिपदादेखि प्रारम्भ हुने यो धर्मयात्रा १५ दिनभित्र जनकपुर पुगेर होली खेलेर फागुनपूर्णिमाको दिन समाप्त हुने परम्परा छ। सहभागीहरूका अनुसार यसमा भाग लिनुबाट मन, वचन र कर्मले भएका पाप तथा अन्याय नष्ट हुने र मनोकामना पूरा हुने धार्मिक मान्यता रहेको छ। परिक्रमामा नेपाल-भारतका साधु, सन्त, महन्थसहित लाखौं धर्मावलम्बी सहभागी रहेका छन्।-गोरखापत्र

## सप्तरीमा बालिकाको अपहरणपछि उद्धार, फिरौती माग्ने पक्राउ

टक नेपाल

सप्तरीमा बालिकालाई अपहरण गरी फिरौती माग्ने एक जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

अपरणमा परेकी खड्क नगरपालिका-८, बिसनपुर निवासी ७ वर्षीय नेहा खातुनको सकुशल उद्धार गरी फिरौती माग्ने सोही नगरपालिका-९, लालपट्टी टोलका ३० वर्षीय ईम्तियाज अहमदलाई प्रहरीलाई नियन्त्रणमा लिएको हो।

इलाका प्रहरी कार्यालय कल्याणपुर सप्तरीबाट प्रहरी निरीक्षक संजिव बोगटी प्रहरी चौकी बिसनपुरबाट प्रहरी सहायक निरीक्षक हरेन्द्रप्रसाद यादवको कमान्डमा खटिएको टोलीले बिहीबार साँझ रुपनी १ स्थित खाँडोबाट ईम्तियाज अहमदलाई नियन्त्रणमा लिई नेहालाई सकुशल उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक गौतम कुमार केसीले जानकारी दिनुभयो।

मङ्गलबार साँझ घरबाट हराएकी नेहाको खोजीका लागि उहाँको परिवारजनले प्रहरीलाई खबर गरेपछि घटनाबारे प्रहरीले अनुसन्धान सुरु गरेको थियो।

प्रहरी उपरीक्षक केसीका अनुसार अपहरण गर्ने ईम्तियाजले बिहीबार बालिकाको बुवा इमरान खानलाई फोन गरी फिरौती लिएर रुपनी गाउँपालिका-१, खाँडो खोला बोलाएको थियो।

नियन्त्रणमा लिइएको ईम्तियाज अहमदलाई इलाका प्रहरी कार्यालय कल्याणपुरमा राखेर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## बालेनलाई कारबाहीसहित नागरिकता रद्दको माग गर्दै गृह मन्त्रालयमा उजुरी

टक नेपाल

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का वरिष्ठ नेता बालेन शाहलाई कारबाही गर्न माग गर्दै गृह मन्त्रालयमा उजुरी परेको छ।

आफूखुसी थर परिवर्तन गर्ने शाहलाई नागरिकता ऐन बमोजिम आवश्यक कारबाहीका साथै सो नागरिकता रद्द गर्न माग गर्दै शुक्रबार युवराज सफलले मन्त्रालयमा उजुरी दिएका हुन्। उनको उजुरी दर्ता समेत भइसकेको छ।

उनले उजुरीमा भनेका छन्,'काठमाडौं महानगरपालिकाका पूर्व मेयर बालेन्द्र साहले मिति २०६३ पौष ६ गतेका दिन जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट ५१९२ नम्बर रहेको वंशजको नागरिकता लिएको निजको नागरिकतामा थर साह उल्लेख गरिएको तर निजले काठमाडौं महानगरपालिकाको मेयर भएपछि जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट मिति २०७९ असार १९ गतेका दिन नागरिकताको प्रतिलिपि लिँदा भने आफ्नो थरमा शाह उल्लेख गरेको देखियो। निज बालेन्द्र साहले झुटो विवरण (थर) परिवर्तन गरी नागरिकताको प्रतिलिपि लिएर, नागरिकता ऐन, २०६३ सम्बन्धी कसुर गरेकोले निजलाई नागरिकता ऐन सम्बन्धी हदैसम्मको कारबाही गर्न प्रस्तुत निवेदन पेस गरेको छु।'

कुनै पनि नेपाली नागरिकले तथ्य र कारणसहित आफ्नो थर परिवर्तन गर्न चाहेकोमा नेपाल नागरिकता ऐन २०६३ को दफा (१७) सोही अनुसारको कानुनी व्यवस्था गरेको बताउँदै सफलले उजुरीमा भनेका छन्,'अतः बालेन्द्र साहले आफ्नो थर परिवर्तन गर्न चाहेको खण्डमा आवश्यक कानुनी प्रक्रिया पूरा गरी सम्बन्धित निकायमा निवेदन दिएर थर परिवर्तन गर्न पाउने व्यवस्था छ। तर निजले नागरिकता ऐनको दफा (१७) को प्रक्रिया पूरा गरी वा नगरी कसरी आफ्नो थर परिवर्तन गरेका हुन्। सो बारेमा आवश्यक अनुसन्धान गर्न आवश्यक देखिन्छ।'

बालेनले २०७९ असार १९ गतेका दिन नागरिकता प्रतिलिपि लिँदा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा पेस गरेका सक्कल फाइल उपर समेत अनुसन्धान गर्नुपर्ने युवराज सफलले उजुरीमा उल्लेख गरेका छन्। बालेनले लिएको झुटो विवरणको नागरिकता रद्द गरी निजलाई नेपाल नागरिकता ऐन २०६३ बमोजिम हदैसम्मको कारबाही गर्न माग गर्दै उजुरी दर्ता गराएका हुन्।

बालेन्द्र साहलाई तत्काल पक्राउ गरी नागरिकता रद्द गर्न र पाँच वर्षसम्म कैदका साथै १ लाख जरिवाना गर्न समेत माग गरिएको छ।



पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### चुनावः समाधान होइन, सम्भावनाको ढोका

लोकतन्त्रमा चुनावलाई प्रायः सबै समस्याको अन्तिम समाधानका रूपमा चित्रित गरिन्छ। तर वास्तविकता त्यति सरल छैन। चुनाव आफैंमा समाधान हो इन; यो समाधान खोज्ने वैधानिक संरचना निर्माण गर्ने प्रक्रिया हो। सरकार गठन, संसद् सञ्चालन र नीति निर्माणका लागि जनमत आवश्यक हुन्छ, र त्यो जनमतको औपचारिक अभिव्यक्ति नै चुनाव हो।

आन्दोलन, जनलहर र सामाजिक सञ्जालमा देखिने उत्साहले राजनीतिक चेतना बढाउँछ, प्रश्न उठाउँछ र दबाब सिर्जना गर्छ। तर मतदान केन्द्रमा मतदाता भावनाभन्दा पनि स्थायित्व, स्पष्ट एजेन्डा र विश्वसनीय नेतृत्व खोज्छन्। त्यसैले भिडको आकारले मात्र परिणाम तय गर्दैन। क्षणिक लोकप्रियताले दीर्घकालीन शासन-क्षमता सुनिश्चित गर्दैन।

आजको चुनौती भनेको पुराना र नयाँ दलबीचको सतही बहसभन्दा माथि उठेर विचार, कार्यक्रम र संस्थागत क्षमताको मूल्याङ्कन गर्नु हो। देश सञ्चालन नाराले होइन, नीति र उत्तरदायित्वले हुन्छ। राजनीतिक नेतृत्वले दूरदृष्टि, सहमति निर्माण गर्ने क्षमता र पारदर्शिता देखाउन सके मात्र लोकतन्त्र सुदृढ बन्छ।

चुनाव सम्भावनाको ढोका हो। त्यो सम्भावनालाई उपलब्धिमा रूपान्तरण गर्ने जिम्मेवारी राजनीतिक दल र सचेत मतदाताको परिपक्वतामा निर्भर रहन्छ।

# ६ बुँदे सहमतिसँगै रौतहटमा साम्प्रदायिक तनाव सामान्य

• टक नेपाल



रौतहटको सदरमुकाम गौर नगरपालिका-६ सवगढामा भएको साम्प्रदायिक झडपपछि जिल्ला प्रशासनको पहलमा दुवै पक्षबिच ६ बुँदे सहमति भएको छ जिल्ला प्रशासन कार्यालय रौतहटको सभाकक्षमा भएको सहमतिसँगै क्षेत्रमा उत्पन्न तनाव सामान्य बन्दै गएको प्रशासनले जनाएको छ।

रौतहटका सिडिओ दिनेश सागर भुसालको उपस्थितिमा शुक्रबार भएको वार्ता सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको थियो। सहमतिमा सामाजिक सद्भाव कायम गर्ने, आपसी संयमता अपनाउने, कुनै पनि अफवाह नफैलाउने तथा आउँदो फागुन २१ गते हुने निर्वाचनमा शान्तिपूर्ण सहभागिता सुनिश्चित गर्ने लगायतका प्रतिबद्धता समेटिएको छ।

यसअघि बिहीबार राति सवगढामा विवाहको जन्ती मस्जिद अगाडि बाजा बजाउँदै जाँदा फरक समुदायबाट अवरोध भएपछि विवाद चर्किएको थियो। बौधिमाई नगरपालिका-९ सरमुजवाबाट सवगढातर्फ आउँदै गरेको सत्यनारायण साहकी छोरीको विवाहको जन्ती र स्थानीय मुस्लिम पक्षबिच भनाभन हुँदा ढुंगामुढासहित झडप भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

पहिलो झडपमा दुवै पक्षका गरी ६ जना घाइते भएका थिए। घाइतेहरूलाई उपचारका लागि प्रादेशिक अस्पताल गौर पठाइएको र सबैको अवस्था सामान्य रहेको र उपचार पछी घर फर्किएको प्रहरीले जानकारी दिएको छ।

सोही विषयलाई लिएर शुक्रबार बिहान करिब सवा ९ बजे पुनः चार-पाँच सय जनाको भीड जम्मा भई दोहोरो झडप सुरु भएको थियो। स्थिति नियन्त्रण बाहिर जान थाले पछि नेपाल प्रहरीका एसपी सिताराम रिजाल र सशस्त्र प्रहरीका एसपी रामहरि अधिकारीको कमान्डमा सुरक्षा टोली परिचालन गरिएको थियो। स्थिति नियन्त्रणका लागि १२ राउन्ड हवाई (ब्ल्याङ्क) फायर र ४० राउन्ड अश्रुग्यास प्रहार गरिएको जिल्ला प्रहरी प्रवक्ता डीएसपी विष्णुप्रदीप बस्यालले जानकारी दिएका छन्।

दोस्रो झडपमा स्थानीय ६ जना सहित २ जना प्रहरी घाइते भएका छन्। घाइते सबैको अवस्था सामान्य रहेको, उपचारपछि के हीलाई डिस्चार्ज गरिएको प्रहरीले जनाएको छ। घटनापछि जिल्ला प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त टोलीले क्षेत्रको सुरक्षा व्यवस्था कडा बनाएको छ।

प्रशासनले सहमतिअनुसार सबै पक्षलाई संयमता अपनाउन र सामाजिक सद्भाव कायम राख्न पुनः अपिल गरेको छ।

## जनहितमा जी

- बिना अनुमति बोडिं नगनुहोस्।
- भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्याउँछ।
- जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
- खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाआं।
- सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
- गहिो बोडिं गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
- अनियन्त्रित बोडिंले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
- सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गां।
- बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गां।
- पानीको सिाइकल पुनःप्रयोग प्रविधि प्रयोगमा ल्याआं।
- कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाआं।
- जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गां।
- ‘जल छ भने जीवन छ’ भन्ने कुलाइ व्यवहामा उतां।



भुमिगत जलश्रोत सिचाइ डिभिजन कायाल महोत्ती, मधेश प्रदेश






# प्रजातन्त्रको मूल आधार जनताको सर्वोच्चता : प्रथम राष्ट्रपति यादव

● टक नेपाल

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा.रामवरण यादव २०६५ साउनमा निर्वाचित हुनुभएको थियो ।

यसअघि उहाँ लामो समय नेपाली काङ्ग्रेस पार्टीमा विभिन्न जिम्मेवारीमा रही अग्रणी भूमिका निर्वाह गर्नुका साथै स्वास्थ्यमन्त्री हुनुभएको थियो ।

विसं २०६५ साउन ८ गतेदेखि २०७२ कात्तिक ११ सम्म मुलुकको राष्ट्रपति रहनुभएका उहाँले २०७२ असोज ३ गते नेपालको संविधान जारी गर्नुभएको थियो ।

२०६२-६३ सालको जनआन्दोलनको जगमा गठन भएको संविधानसभाको पहिलो बैठकले २०६५ जेठ १५ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेको थियो ।

प्रजातन्त्र दिवसलाई केवल उत्सव होइन, जिम्मेवारी र आत्ममूल्याङ्कनको दिनका रूपमा पनि व्याख्या गर्नुहुने उहाँ नेपाली जनताको दीर्घ सङ्घर्ष, त्याग र बलिदानको ऐतिहासिक उपलब्धिको प्रतीकको रूपमा लिने ।

भएकाले खासगरी युवा पुस्ताले यस दिवसको ऐतिहासिक महत्त्व र विशिष्टतालाई बुझ्न जरुरी रहेको उहाँको भनाइ छ । प्रस्तुत छ, प्रजातन्त्र दिवसको अवसरमा प्रथम राष्ट्रपति डा. यादवसँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गर्नुभएको कुराकानी :

**प्रजातन्त्र दिवसले नेपाली जनताको सङ्घर्ष र उपलब्धिलाई स्मरण गराउँछ । प्रजातन्त्र दिवसको सान्दर्भिकतालाई तपाई कसरी हेर्नुहुन्छ ?**

नेपालमा प्रत्येक वर्ष फागुन ७ गते मनाइने प्रजातन्त्र दिवस केवल ऐतिहासिक सम्झनाको दिन मात्र होइन, लोकतान्त्रिक मूल्य, जनअधिकार र राष्ट्रिय एकताको पुनःप्रतिबद्धताको अवसर पनि हो ।

प्रजातन्त्र दिवसले नेपाली जनताले अधिकार प्राप्त गरेको २००७ सालको क्रान्तिको याद गराउँछ । यस महत्वपूर्ण अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीमा हार्दिक शुभकामना व्यक्त गर्दै, लोकतन्त्रको संरक्षण, सुदृढीकरण र समुन्नतिका लागि सबैलाई एकजुट हुन आह्वान गर्दछु ।

नेपाली जनताको अधिकारको ढोका खुलेको फागुन ७ गते अविस्मरणीय दिन रहेको छ । लामो सङ्घर्षबाट जनताले पाएको अधिकार २०१७ सालमा अपहरण भएकामा २०४६ सालमा पुनः प्राप्त हुनसक्यो ।

विसं २०५९ राजाको प्रत्यक्ष हस्तक्षेपबाट प्रजातन्त्र अपहरणमा भएकामा २०६२-६३ को आन्दोलनबाट पुनः त्यो अधिकार जनतामा आएइको छ । यसरी नेपालको इतिहासमा २००७, २०४६ र २०६२-६३ सालका आन्दोलनहरूका आ-आफ्नै महत्त्व रहे पनि यी सबै आन्दोलनको जग भने २००७ सालकै क्रान्ति हो । नेपाली जनताले निरङ्कुश शासन व्यवस्थाविरुद्ध सङ्घर्ष गर्दै प्रजातन्त्र स्थापना गरेका थिए ।

नेपाली जनताको दीर्घकालीन सङ्घर्ष, त्याग र बलिदानबाट प्राप्त प्रजातन्त्र हाम्रो राष्ट्रिय गौरवको धरोहर हो । यस ऐतिहासिक उपलब्धिले जनताको सार्वभौमसत्ता स्थापित गर्दै देशलाई लोकतान्त्रिक मार्गमा अग्रसर गराएको छ ।

प्रजातन्त्र दिवसलाई केवल उत्सव होइन, जिम्मेवारी र आत्ममूल्याङ्कनको दिनका रूपमा पनि व्याख्या गर्नुहुन्छ । यस ऐतिहासिक दिवसका अवसरमा म सम्पूर्ण नेपालीमा लोकतान्त्रिक मूल्य-मान्यतालाई आत्मसात गर्दै समृद्ध, न्यायपूर्ण र आत्मनिर्भर नेपाल निर्माणका लागि आ-आफ्नो क्षेत्रबाट सक्रिय योगदान गर्न हार्दिक आह्वान गर्दछु ।



**लोकतन्त्रप्रति युवाको विश्वास र सहभागिता बढाउन कस्तो पहल गर्नुपर्ने देख्नुहुन्छ ?**

प्रजातन्त्रको मूल आधार भनेको जनताको सर्वोच्चता हो । प्रजातन्त्रमा जनता नै सार्वभौम हुन्छन्, उनीहरू नै मालिक हुन् । शासन जनताको इच्छाअनुसार चल्नुपर्छ भन्ने सिद्धान्तलाई व्यवहारमा लागु गर्नु नै प्रजातन्त्रको वास्तविक परीक्षण हो ।

जनताको सक्रिय सहभागिताबिना लोकतन्त्र सुदृढ हुनसक्दैन । संविधानले दिएका अधिकारको उपयोगसँगै नागरिकले आफ्नो कर्तव्य पनि पूरा गर्नुपर्छ । नेपालको राजनीतिमा २०१७ सालको घटनापछि गत भदौ २३ र २४ गतेको घटनाले लोकतन्त्र र संविधानलाई नराम्ररी प्रभावित पारेको छ ।

भदौ २३ गते जेनजी युवाले गरेको प्रदर्शन सही थियो तर २४ गतेको घटनाले लोकतन्त्रमाथि खतराको सङ्केत गर्दछ । प्रजातन्त्र दिवस नेपाली जनताको दीर्घ सङ्घर्ष, त्याग र बलिदानको ऐतिहासिक उपलब्धिको प्रतीक भएकाले खासगरी युवा पुस्ताले यसको ऐतिहासिक महत्त्व र विशिष्टतालाई बुझ्न जरुरी छ ।

**लोकतन्त्रको सफलताका लागि सुशासन अपरिहार्य मानिन्छ । भ्रष्टाचार नियन्त्रण र पारदर्शिता प्रवर्धनका लागि प्रभावकारी उपायहरू के हुनसक्छन् ?**

सुशासन, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण, सामाजिक न्याय र समान अवसरको सुनिश्चिततामार्फत समृद्ध र आत्मनिर्भर नेपाल निर्माणतर्फ अघि बढ्न सकिन्छ ।

विकास, सुशासन, भ्रष्टाचार नियन्त्रण, र समान अवसरको सुनिश्चितता लोकतन्त्रको सार्थकता मापन गर्ने आधार हुन् । लोकतन्त्रको सफलता नागरिकको जीवनस्तरमा सुधार, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण र सेवा प्रवाहसँग जोडिएको हुन्छ । लोकतन्त्रलाई सुदृढ बनाउन राजनीतिक स्थायित्व, सुशासन, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण, न्यायिक स्वतन्त्रता र प्रभावकारी सेवा प्रवाह अनिवार्य छन् ।

**विविधतापूर्ण नेपाली समाजमा सामाजिक सद्भाव र राष्ट्रिय एकता कायम राख्न लोकतान्त्रिक नेतृत्वले कस्तो भूमिका खेल्नुपर्छ ?**

नेपालको बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विशेषतालाई लोकतन्त्रको शक्ति मान्न सकिन्छ । प्रजातन्त्र केवल अधिकार प्राप्तिको माध्यम मात्र होइनस यसले कर्तव्यबोध, सहिष्णुता, राष्ट्रिय एकता र पारस्परिक सम्मानलाई पनि सुदृढ बनाउँछ । लोकतन्त्र तब मात्र सार्थक हुन्छ, जब राज्यका सबै नागरिकले समान अवसर र सम्मानको अनुभूति गर्छन् ।

समावेशिता, सङ्घीयता र सामाजिक न्यायको अवधारणा यही चरणमा सुदृढ भएको देखिन्छ । सामाजिक सद्भाव कायम गर्दै विकास, सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणमार्फत समृद्ध राष्ट्र निर्माण गर्नु आजको प्रमुख आवश्यकता हो । लोकतन्त्रको रक्षा र सुदृढीकरणमा राज्य, राजनीतिक दल र नागरिक सबैको साझा दायित्व रहेको हुन्छ ।

**विषम परिस्थितिमा मुलुकमा आमनिर्वाचन हुन गइरहेको छ, यसलाई तपाईंले कसरी हेर्नुभएको छ ?**

गत भदौ २३ र २३ गतेको घटनापछि उत्पन्न राजनीतिक परिस्थितिले लोकतन्त्रको लागि झण्डै आठ दशकको बलिदानबाट लोकतान्त्रिक संविधानलाई नराम्ररी 'ड्यामेज' गरेको छ । आशा गरौं यही फागुन २१ गते हुन गइरहेको निर्वाचनले लोकतन्त्रलाई सबलीकरण गर्दै संविधानको संरक्षण गर्न सहयोग पुग्ने छ ।

यसलाई सकारात्मक रूपमा लिनुपर्छ । जनता सजग नभएसम्म यस्ता घटना भइरहन्छन् । जनता चेतनशील हुनुपर्छ । संविधान प्रदत्त समावेशिता, लोकतान्त्रिक प्रणाली समाज निर्माण गरिरहेका छौं । भदौ २४ मा भएको क्षतिलाई निर्वाचनले पूरा गर्न सक्ने विश्वास लिएका छौं । अब पनि यस्ता दुर्घटनाहरू हुन नदिन तथा शान्ति, स्थिरता र अमनचयन खल्बलिन नदिन सबै नेपाली सजग हुनुपर्छ ।

**यही फागुन २१ गते हुन गइरहेको आम निर्वाचनको सन्दर्भमा मतदातालाई के भन्न चाहनुहुन्छ ?**

यसपटकको आवधिक चुनाव होइन, संविधान माथि भएको क्षतिको पूर्ति गने यो चुनावको धेरै ठुलो राजनीतिक महत्त्व छ । देशको स्थायित्वका लागि यो सुखद पक्ष हुने छ ।

सही पार्टीलाई छानेर देशलाई अगाडि बढाउन आवश्यक छ । सम्पूर्ण देशवासीलाई सस्तो लोकप्रियता र चर्चाको भरमा भन्दा पनि राष्ट्रिय हितलाई ध्यानमा राखी निर्वाचनमार्फत आफ्नो मत दिन आग्रह गर्दछु । लोकतन्त्र र मुलुकको सार्वभौमिकताको रक्षा गर्नु नै अहिलेको मुख्य विषय हो ।

अन्त्यमा म सम्पूर्ण नेपाली दिदीबहिनी, दाजुभाइहरूमा प्रजातान्त्रिक मूल्य-मान्यतालाई जीवनशैलीका रूपमा अङ्गीकार गर्दै निर्वाचनको माध्यमबाट देशको स्थायित्व, समृद्धि र सुशासनका लागि आ-आफ्नो स्थानबाट सकारात्मक योगदान गर्न हार्दिक आह्वान गर्दछु ।रासस

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

☞ २४ सं घण्टा इमर्जेन्सी सेवा
☞ ICU,NICU,PICU सेवा
☞ EndosocopyDiode Laser सेवा
☞ विभिन्न विभागहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
☞ Laproscopy सेवा
☞ X-Ray, USG, CT Scan सेवा
☞ क्याबिनको समेत व्यवस्था भएको
☞ 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

## सिरहामा मतदान अधिकृत तथा
# सहायक मतदान अधिकृतलाई प्रशिक्षण

● टक नेपाल

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै जिल्ला निर्वाचन कार्यालय सिरहाले मतदान अधिकृत तथा सहायक मतदान अधिकृतका लागि एक दिने प्रशिक्षण सञ्चालन गर्ने भएको छ। कार्यालयले शुक्रबार एक सूचना जारी गर्दै शनिबारदेखि प्रशिक्षण सुरु हुने जनाएको हो।

जिल्ला निर्वाचन कार्यालयका प्रमुख राजन श्रीवास्तवका अनुसार प्रशिक्षण सदरमुकामस्थित सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस सिरहामा सञ्चालन हुनेछ। प्रशिक्षण बिहान १० बजेदेखि सुरु हुने जनाइएको छ। "निर्वाचनलाई निष्पक्ष, पारदर्शी र व्यवस्थित रूपमा सम्पन्न गर्न आवश्यक ज्ञान र सीप अभिवृद्धि गर्ने उद्देश्यले प्रशिक्षण आयोजना गरिएको हो," प्रमुख श्रीवास्तवले बताए।

कार्यालयका अनुसार निर्वाचन क्षेत्र नं १, २, ३ र ४ का मतदान अधिकृतका लागि फरक-फरक मितिमा प्रशिक्षण सञ्चालन गरिनेछ। त्यसैगरी निर्वाचन क्षेत्र नं १ र २ तथा निर्वाचन क्षेत्र नं ३ र ४ का सहायक मतदान अधिकृतका लागि पनि छुट्टाछुट्टै प्रशिक्षण मिति निर्धारण गरिएको छ। प्रशिक्षण १४ गतेसम्म सञ्चालन हुने जनाइएको छ।

"तोकिएको मिति र समयमा सम्बन्धित सबै अधिकारी अनिवार्य रूपमा उपस्थित हुनुपने छ," कार्यालयद्वारा जारी सूचनामा उल्लेख छ। प्रशिक्षणमा मतदान प्रक्रिया, मतपत्र व्यवस्थापन, मतदान केन्द्र सञ्चालन, आचारसंहिता पालना, मतगणना प्रक्रिया तथा आकस्मिक अवस्थाको व्यवस्थापन लगायतका विषयमा जानकारी दिइने जनाइएको छ। यस प्रशिक्षणले निर्वाचन कार्यलाई थप प्रभावकारी, मर्यादित र विश्वसनीय बनाउन सहयोग पुग्ने विश्वास कार्यालयले लिएको छ।

जिल्ला निर्वाचन कार्यालयले सम्बन्धित सबै मतदान अधिकृत तथा सहायक मतदान अधिकृतलाई समयमै उपस्थित भई प्रशिक्षण सफल बनाउन आग्रह गरेको छ।

## सप्तरीमा एकपटक
# फेरि उपेन्द्र यादवको शक्ति परीक्षण !



● टक नेपाल

२०७४ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा सप्तरी-२ बाट निर्वाचित भएका तत्कालीन संघीय समाजवादी फोरम नेपाल (हाल जनता समाजवादी पार्टी नेपाल) नेपालका अध्यक्ष उपेन्द्र यादवले २१ हजार ६ सय २० मत ल्याए। गत निर्वाचनमा यादव तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा)सँग गठबन्धन गरेर चुनाव लडेका थिए।

०७९ मा पनि उनी यही क्षेत्रबाट नेकपा एमालेसँग गठबन्धन गरेर चुनाव लडेका थिए। तर, पहिलो पटक प्रतिनिधिसभा निर्वाचनमा होमिएका जनमत पार्टीका अध्यक्ष डा.चन्द्रकान्त (सीके) राउतसँग चुनाव हारे।

गठबन्धन विनै निर्वाचित भएका राउतले ३५ हजार ४२ मत ल्याउँदा यादवले १६ हजार ९ सय ७९ मत मात्रै ल्याउन सके। यहाँबाट चुनाव हारेका यादव ०८० मा भएको उपनिर्वाचनमा बारा-२ बाट उम्मेदवार बने।

त्यहाँ जितेका रामसहायप्रसाद यादव उपराष्ट्रपति बनेपछि रिक्त स्थानका लागि उपनिर्वाचन भएको थियो। पार्टीको भागमा परेको उपराष्ट्रपतिमा रामसहायप्रसादलाई पठाएर चुनाव लडेका उपेन्द्रलाई तत्कालीन सत्तारुढ गठबन्धन कांग्रेस तथा तत्कालीन माओवादी केन्द्र, नेकपा एस, लोसपासहितका दलले साथ दिएको थियो।

त्यहाँबाट जितेर संसद प्रवेश पाएका उपेन्द्र एकपटक फेरि सप्तरी फर्किएका छन्। यसपटक उनी सप्तरी-३ बाट उम्मेदवार छन्। गत निर्वाचनमा तत्कालीन सत्ता गठबन्धनको समर्थनमा चुनाव लडेका कांग्रेसका दिनेशकुमार यादवले २६ हजार १ सय ६६ मत ल्याएर जितेका थिए। त्यो बेला जसपा नेपालले एमालेका उम्मेदवार ताराकान्त चौधरीलाई समर्थन दिएको थियो।

चौधरीले २२ हजार ३ सय मत ल्याउँदा जनमत पार्टीका अनिश अन्सारीले १५ हजार १ सय १४ मत ल्याएका थिए। यहाँका समानुपातिक मत हेर्दा सबैभन्दा धेरै मत जनमत पार्टीले ल्याएको थियो। जनमतले १८ हजार ३ सय ४० ल्याउँदा कांग्रेसले १८ हजार २ सय ४९ मत पाएको थियो।

जसपा नेपालको १० हजार १ सय ५३ मत ल्याएको थियो। जसपा नेपालसँग एकता गरेको लोसपाको पनि १ हजार ६ सय ४६ समानुपातिक मत जोड्दा ११ हजार ७ सय ९९ पुग्छ। एमालेले ९ हजार ५ सय ९४, नागरिक उन्मुक्ति पार्टीले ३ हजार १ सय ८३, माओवादीले १ हजार ७ सय ३६, नेकपा एसले १ हजार २ सय २२, राष्ट्रिय प्रजातन्त्र पार्टीले ८ सय ५५ र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले २ सय ९८ मत ल्याएको थियो।

०७४ मा भने तत्कालीन राजपाबाट चन्द्रकान्त चौधरी निर्वाचित भएका थिए। त्यो बेला उपेन्द्र नेतृत्वकै संघीय समाजवादी फोरम र राजपाबीचमा गठबन्धन हुँदा चौधरीले २२ हजार ४ सय ८४ मत पाएका थिए। यसपटक चन्द्रकान्तकै छोरा अमरकान्त चौधरी पनि रास्वपाबाट चुनावी मैदानमा छन् भने गत निर्वाचनमा जसपा नेपालले समर्थन गरेका ताराकान्त पनि उम्मेदवार छन्। ताराकान्त पनि चन्द्रकान्तका भाइ नै हुन्। गत निर्वाचनमा चुनाव जितेका दिने शकुमार यसपटक पनि उम्मेदवार छन्।

जनमत पार्टीबाट सुरेन्द्रप्रसाद शर्मा, नेपाली कम्युनिस्ट पार्टीबाट अरुणकुमार साह, राष्ट्रिय मुक्ति पार्टी नेपालबाट गजेन्द्रकुमार मण्डलसहित २२ जना उम्मेदवार छन्। कूल १ लाख ११ हजार ८ सय ७१ जना मतदाता रहेको यहाँ शम्भुनाथ र डक्नेश्वरी नगरपालिका तथा रूपनी र विष्णुपुर गाउँपालिकाका ४१ वटा वडा पर्दछ। तीमध्ये लोसपालाई पनि जोड्दा जसपा नेपालले सबैभन्दा धेरै १४ वटा वडामा जितेको छ। कांग्रेसले १२, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले ८ र एमालेले ७ वटा वडा जितेको छ।

स्थानीय तहअनुसार हेर्दा यहाँका २ वटामा जसपा नेपालले नेतृत्व गरिरहेका छन् भने २ वटामा एमाले र एउटामा नेकपाले नेतृत्व गरिरहेका छन्। वडागत जसपा नेपाल नै बलियो देखिए पनि यहाँका मतदाता भने कठौना-पातो-फत्तेपुर-कटैया, गाईघाट-शम्भुनाथ-बनैनिया, रुपनी-सिम्राहा सिंयौन-फकिरा-बरदाही सडक निर्माण, स्वास्थ्य, शिक्षा, रोजगारीका साथै राजनीतिमा पनि पुस्तान्तरण चाहिरहँदा उपेन्द्रको लागि शक्ति परीक्षण सावित हुने अनुमान गरिएको छ।







## जनहितमा जारी

- बिना अनुमति बोडिङ नगनुहोस्।
- भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्याउँछ।
- जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
- खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाऔं।
- सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
- गहिो बोडिङ गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
- अनियन्त्रित बोडिङले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
- सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गौं।
- बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गौं।
- पानीको सिाइकल पुन:प्रयोग प्रविधि प्रयोगमा ल्याऔं।
- कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाऔं।
- जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गौं।
- 'जल छ भने जीवन छ' भन्ने कुालाइ व्यवहामा उतौं।



सोनमा गाउँपालिका,महोत्तरी

## मानव बेचबिखन विरुद्ध सचेतना

- बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ।
- विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ।
- पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ।
- समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ।
- ोजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकी गाउने गनुपछ।
- व्यक्तिगत तवबाट आफु सचेत हि पवि साथीहरू सवलाइ सचेतना फलाउने।
- शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित ि नकायसँग समन्वय गने।
- चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक।
- सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने।
- मानव बेचविखनविरूद्ध क्रियाशिल सकी ग सकी संघसंस्थाहरूसँग समन्वय गने।
- पीडित प्रभावितह लाइ आवश्यक सहयोग पामश प्रदान गने।
- हिंसामा पेका पीडित प्रभावितलाइ आत्म सम्मानपूवक बाँच्न पाउने वातावण सजना गद पुनस्थापनाका लागि क्रियाशिल हने।

एकडारा गाउँपालिका , महोत्तरी, मधेश प्रदेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014